## वैठक संख्या:०२

आज मिति २०८३ साल भाद्र २१ गते आइतबारका दिन यस नासों गाउँपालिकाका पालिका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँकार्यपालिकाको नियमित वैठक बसि तपसिलका निर्णय गरियो ।

**उपस्थिति:-**

| क्र.नं | जनप्रतिनिधिको नाम, थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | अध्यक्ष | नासों गा.पा. | |
| २ | वेद बहादुर गुरूङ | उपाध्यक्ष | नासों गा.पा. | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | वडा नं.-१ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | वडा नं.-२ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | वडा नं.-३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | वडा नं.-४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | वडा नं.-५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | वडा नं.-७ | |
| १० | याद घले | वडा अध्यक्ष | वडा नं.-८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | वडा नं.-९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | नासों गा.पा. | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | नासों गा.पा. | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | नासों गा.पा. | |
| १८ | अनुप पौडेल | सदस्य सचिव | नासों गा.पा. | |
| आमन्त्रित:- | | | | |
| १ | नविन जोशी | ईन्जिनियर | नासों गा.पा. | |
| २ | रविन्द्र राज पौडेल | सहायक लेखा अधिकृत | नासों गा.पा. | |
| ३ | शुशिल थापा | ब.प्र.स. | नासों गा.पा. | |
| ४· | गीता राना | स·प्र·नि·नि· | .. -. | |

**निर्णय नं १**

यस पूर्व गाउँकार्यपालिकाको वैठकबाट भएको निर्णयको पुनरावलोकन सम्बन्धमा आवश्यक छलफल गर्दा अधिकांश निर्णयहरु कार्यान्वयन भई सकेको र बाँकी निर्णयहरु पनि कार्यान्वयनको चरणमा रहेको व्यहोरा वैठकमा अवगत भयो।

**निर्णय नं २**

चालु आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार पालिकाको GESI Audit कार्यका लागि छनोट भई यस कार्यालयसँग सम्झौता भएको परामर्श सेवा निकाय (Sustainable Research Development and Management Consult Pvt. Pokhara) का प्रतिनिधिसँग परामर्श सेवाको ToR (कार्यक्षेत्रगत सर्त), कार्ययोजना र अध्ययन प्रक्रिया सम्बन्धमा छलफल गरियो।

**निर्णय नं ३**

नासों गाउँपालिका वडा नं-७, तिल्चे,मनाङको च.नं ४ मिति २०८३/०४/२५ को पत्रबाट श्री बि.पि.तरुण क्लब, तिल्चेको आयोजनमा मिति २०८३ भाद्र १८ गते देखी २२ गते सम्म **प्रथम तिल्चे खुल्ला पुरुष फुटवल तथा महिला भलिबाल प्रतियोगीता,२०८३** सञ्चालनका लागि क्लबको पत्र, प्रस्तावना र अन्य संलग्न कागजात सहित आवश्यक रकम सहयोगका लागि सिफारिस भई आएको हुँदा उक्त प्रतियोगिता सञ्चालनका लागि रु.१,५०,०००/-(अक्षेरुपी एक लाख पचास हजार रुपैंया) रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ४**

ईलाका प्रहरी कार्यालय,धारापानी,मनाङको च.नं७ मिति २०८३/५/०८ को पत्रबाट यस नासों गाउँपालिका वडा नं-१ देखी ८ सम्मको सुरक्षा गस्ती,प्राकृतिक विपद तथा उद्दार जस्ता काममा छिटो भन्दा छिटो खटिनु पर्ने भएकोले उक्त कार्यमा प्रयोग गरिने कार्यालयको नाममा रहेको दुई पाङ्ग्रे सवारी साधनको लागि इन्धन माग भई आएको हुँदा विपदको समयलाई मध्यनजर राख्दै ईलाका प्रहरी कार्यालय धारापानी र ताल,मनाङलाई मासिक रुपमा ५ लि.ईन्धन (पेट्रोल ) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं ५**

नासों गा.पा वडा नं ७ तिल्चे स्थायी निवासी श्री प्रशान्त गुरुङको ३ कोठे घर र शौचालय घर मिति २०८३/०४/२० गते राती पेरको अविरल वर्षासँगै सुर्किखोला र दुधखोलाको बाढीले कटान गरी पूर्ण रुपमा बगाई लगेको कारण वार्ड सर्जमिन मुचुल्का सहित नियमानुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन वडा नं ७ को च.नं ०३ मिति २०८३/०४/२२ को पत्रसाथ सिफारीस भई आएको सन्दर्भमा गाउँपालिका अध्यक्ष ज्यूको नेतृत्वमा गा.पा स्थानीय तह विपद व्यवस्थापन समितिका पदाधिकारी समेतको उपस्थितिमा स्थलगत रुपमा निरीक्षण गर्दा उक्त घरको ३ वटा कोठा र शौचालय बाढी

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तथा पहिरोबाट पूर्ण रुपमा क्षति भएको तथा वडा सर्जमिन सहित सिफारीस व्यहोरा मनासिव देखिएकाले बाढी पहिरोबाट भएको क्षतिप्रति दु:ख व्यक्त गर्दै गाउँपालिकाको नियमानुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराइदिनुहुन भनी २०८३/०४/२४ मा बसेको स्थानीय विपद व्यवस्थापन समितिको सिफारीस प्राप्त भएको सन्दर्भमा यस नासों गाउँपालिकाको विपद व्यवस्थापन ऐन,२०८० मा भएको व्यवस्था समेतलाई मनन गरि आर्थिक सहयोग वितरण कार्यविधि,२०७८ बमोजिम क्षतिको प्रकृतिको आधारमा पूर्ण क्षति,आंशिक क्षति (उच्च जोखिम) र आंशिक क्षति (न्यून जोखिम) गरि तीन प्रकारमा वर्गीकरण गरि आर्थिक सहयोग निर्धारण गरिएकोले माथि उल्लेखित क्षति उल्लेखित आधारहरुको आधारमा आंशिक क्षति (उच्च जोखिमको) मा पर्ने देखिएकोले तोकिए बमोजिमको रकम रु.५०,०००/- (अक्षरुपी पचास हजार रुपैंया मात्र) गाउँपालिकाको स्थानीय प्रकोप व्यवस्थापन कोषबाट क्षतिपूर्ति एवं राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत